


# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४६ | अङ्क ४ | पुस २०७८ | डिसेम्बर २०२१-जनवरी २०२२

## वित्तीय क्षेत्रको समसामयिक अवस्थाबारे अन्तरक्रिया

## अर्थ मन्त्रालय र राष्ट्र बैंक मिलेर अघि बढ्नुपर्छः अर्थमन्त्री शर्मा




नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल राष्ट्र बैंक समितिले मङ्सिर ७ गते 'वित्तीय क्षेत्रको समसामयिक अवस्थाबारे समीक्षात्मक कार्यक्रम' आयोजना गऱ्यो ।

अर्थमन्त्री जनार्दन शर्माको प्रमुख आतिथ्यमा सङ्गठनले बालुवाटारस्थित बैंक परिसरमा उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा अर्थमन्त्री शर्माले आयातमा देखिएको उच्च वृद्धिका कारण चुनौतीको सामना गर्न अर्थ मन्त्रालय र राष्ट्र बैंकको सामूहिक प्रयास हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । साथै, समग्र अर्थतन्त्रको विकासको निम्ति दुवै निकाय मिलेर अघि बढ्नुपर्ने उहाँले धारणा राख्नुभयो । "वित्तीय र मौद्रिक व्यवस्थापनमा अर्थ मन्त्रालय र राष्ट्र बैंकका समान र साझा कार्यभार छन् । अर्थतन्त्रको सुदृढीकरणका लागि दुवै संस्था मिलेर अघि बढ्नुपर्ने आवश्यकता छ ।" उहाँले भन्नुभयो ।

पछिल्लो समय ब्याजदरमा देखिएको उतारचढावले उद्यम व्यवसायमा नकारात्मक असर परेको उल्लेख गर्दै अर्थमन्त्री शर्माले स्थिर ब्याजदरको निम्ति राष्ट्र बैंकको भूमिका थप प्रभावकारी हुनुपर्ने बताउनुभयो । आउँदा दिनमा तरलता अभाव हुन नदिन पुँजीगत खर्चको व्यवस्थापनको निम्ति मन्त्रालय तत्पर रहेको उहाँको धारणा थियो । साथै उत्पादनशील क्षेत्रमा कर्जा लगानी वृद्धि गर्नका लागि आवश्यक वातावरण बनाउनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो । साथै डिजिटल कारोबारको प्रवर्द्धनका निम्ति वित्तीय साक्षरता अभिवृद्धि गर्नुपर्ने सुझाव उहाँको थियो ।

कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले सार्क मुलुकका केन्द्रीय बैंकहरूको सङ्गठन संरचनाको तुलनात्मक अध्ययनका आधारमा राष्ट्र बैंकको संरचनालाई सुदृढ बनाउन लागिएको जानकारी दिनुभयो । त्यसको निम्ति बृहत्तर किसिमको व्यवस्थापन सर्वे गर्न लागिएको उहाँको भनाइ थियो । साथै सार्क क्षेत्रमा साझा डिजिटल मुद्रा प्रयोगमा

ल्याउनको निम्ति राष्ट्र बैंककै प्रस्तावमा आवश्यक अध्ययन थालिएको जानकारी गभर्नर अधिकारीले दिनुभयो ।

पछिल्लो समयमा निक्षेप सङ्कलनको तुलनामा कर्जा प्रवाह उल्लेख्य बढेका कारण तरलतामा दवाब देखिएको उल्लेख गर्दै उहाँले तरलता व्यवस्थापनको निम्ति राष्ट्र बैंकले नियमित रूपमा स्थायी तरलतालगायतका सुविधा प्रवाह गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले मौद्रिक नीतिको तर्जुमा र कार्यान्वयनमा केन्द्रीय बैंक स्वायत्त हुनुपर्ने आवश्यकता औँल्याउदै विवेकशील नियमन नीतिको कार्यान्वयनमा कसैसँग सम्झौता नगर्न राष्ट्र बैंक व्यवस्थापनलाई सुझाव दिनुभयो । सो अवसरमा सङ्गठनले मुलुकको वित्तीय क्षेत्रमा योगदान दिएको कदरस्वरूप पूर्वगभर्नर क्षेत्रीलाई अभिनन्दन गरेको थियो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, बैंकका उच्च अधिकारी, नेपाल राष्ट्रिय कर्मचारी महासंघका पदाधिकारीलगायत बैंकका कर्मचारीको उपस्थिति थियो । सङ्गठनका अध्यक्ष रेशमबहादुर बल्छौडीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने महासचिव कृष्ण केसीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# भारत र बङ्गलादेशका पूर्वगभर्नरहरूसँग अन्तरक्रिया कार्यक्रम




भारतीय रिजर्व बैंकका पूर्वगभर्नर डा. डी. सुब्बाराव र बङ्गलादेश बैंकका पूर्वगभर्नर डा. अतिउर रहमानको उपस्थितिमा गभर्नरको कार्यालयले मङ्सिर १० गते काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा.नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रसँगै कार्यकारी निर्देशक, निर्देशकलगायतको उपस्थिति थियो । सो अवसरमा बङ्गलादेश बैंकका पूर्वगभर्नर रहमानले 'Developmental Central Banking: The Bangladesh Experience' विषयमा कार्यपत्र तथा वार्ता प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले सन् २००८ का विश्वव्यापी आर्थिक मन्दीसँगै बदलिएको केन्द्रीय बैंकको भूमिका, बङ्गलादेशमा कोभिडको असर र पुनरुत्थानको निम्ति भएका प्रयास, त्यहाँको आर्थिक विकासमा बङ्गलादेश बैंकको अवलम्बन गरेको नीतिगत व्यवस्थाबारे चर्चा गर्नुभयो । साथै, बङ्गलादेशमा डिजिटल बैंकिङको विकासक्रम, लघुवित्त कार्यक्रम, एजेन्ट बैंकिङको अभ्यास, केन्द्रीय बैंकको भावी कार्यदिशाबारे आफ्नो धारणा राख्नुभएको थियो ।

सो अवसरमा भारतीय रिजर्व बैंकका पूर्वगभर्नर डा. डी. सुब्बारावले 'Dilemmas in Central Banking Experiences from the Reserve Bank of India' विषयमा कार्यपत्र तथा वार्ता प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले वित्तीय सङ्कट, मौद्रिक नीति, सञ्चार, विनिमय दर र नियामकीय व्यवस्थापनमा केन्द्रीय बैंकको भूमिका र यसमा देखिएको द्विविधाबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्ने क्रममा गभर्नर महाप्रसाद अधिकारीले बङ्गलादेश र भारतसँग नेपालको प्रगाढ आर्थिक र व्यापारिक सम्बन्धबारे चर्चा गर्दै अन्तरक्रियामा पूर्वगभर्नरद्वयको उपस्थितिप्रति कृतज्ञता प्रकट गर्नुभयो । सो अवसरमा उहाँले कोभिड महामारीसँगै खस्किएको अर्थतन्त्रको पुनरुत्थानको निम्ति राष्ट्र बैंकले गरेको प्रयासबारे जानकारी दिनुभयो । साथै नेपालमा डिजिटल बैंकिङ र वित्तीय सेवाको विस्तारको अवस्थाबारे गभर्नर अधिकारीले चर्चा गर्नुभयो ।

कार्यक्रममा समापन मन्तव्य राख्दै डेपुटी गभर्नर तिम्सिनाले कोभिड महामारीका कारण वित्तीय क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्नका निम्ति राष्ट्र बैंकले अवलम्बन गरेको नीतिगत व्यवस्था र सोको प्रभावबारे चर्चा गर्नुभयो ।

गभर्नरको कार्यालयका सहायक निर्देशक सृजना क्षेत्रीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।





# गभर्नर अधिकारी 41st Group Meeting of the SEACEN Board of Governors' र 57th SEACEN Governors' Conference/High-Level Seminar मा सहभागी

गभर्नर महाप्रसाद अधिकारी स्टेट बैंक अफ भियतनामद्वारा मङ्सिर २० गते आयोजित दक्षिण पूर्वी एसियाका १९ वटा केन्द्रीय बैंकका गभर्नर/प्रबन्ध निर्देशकहरूको साझा फोरम 'The South East Asian Central Banks Research and Training Centre (the SEACEN Centre) को '41st Group Meeting of the SEACEN Board of Governors' र 57th SEACEN Governors' Conference/High-Level Seminar मा सहभागी हुनुभयो । स्टेट बैंक अफ भियतनामका गभर्नर Nguyen Thi Hong को अध्यक्षतामा बैठक तथा उच्चस्तरीय सेमिनार भर्चुअल माध्यममार्फत सम्पन्न भएको हो ।




बैठकमा सहभागी गभर्नर/प्रबन्ध निर्देशकहरूमाझ the SEACEN Centre को आगामी वर्षका लागि प्रस्तावित कार्यक्रम, प्रस्तावित बजेट, Information and Communication Technology (ICT) सम्बन्धी रणनीतिक योजनालगायतका अन्य विषयहरूमा विस्तृत छलफल भएको थियो ।

साथै The SEACEN Centre ले आयोजना गरेको 57th SEACEN Governors' Conference/High Level Seminar मा 'Digitalisation of the Financial System– Implications for Central Banks' विषयमा छलफल भएको थियो ।


सेमिनारको पहिलो सत्रमा 'Block Chain Technology Redefining Banking and Digitalization of Money and Payments' विषयमा Coin Systems, Onyx by J.P. Morgan का Global Head, Naveen Mellela/Oliver Wyman का पार्टनर Jason Ekberg ले संयुक्त रूपमा आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो । यसै गरी, कोर्नेल विश्वविद्यालयका प्रोफेसर Eswar Prasad ले 'The Future of Money: How the Digital Revolution is Transforming Currencies and Finance' सम्बन्धी विषयमा आफ्नो धारणा राख्नुभएको थियो । उक्त सत्रको टिप्पणीकर्ताका रूपमा The Financial Times, Editorial Board का Gillian Tett रहनुभएको थियो ।

यसै गरी, सेमिनारको दोस्रो सत्रमा Bank for International Settlements (BIS) का महाप्रबन्धक Agustin Carstens, हङकङ मनिटरी अथोरिटीका कार्यकारी प्रमुख Eddie Yue, Bangko Sentral ng Pilipinas का गभर्नर Benjamin Diokno, रिजर्भ बैंक अफ न्यूजिल्याण्डका गभर्नर Adrian Orr र बैंक इन्डोनेसियाका गभर्नर Perry Warjiyo लगायतले सेमिनारको विषयवस्तुमाथि छलफल गर्नुभएको थियो । छलफलको दोस्रो सत्रको टिप्पणीकर्ताका रूपमा हङकङ विश्वविद्यालयका प्राध्यापक Douglas Arner रहनुभएको थियो ।

उक्त ४१ औं बोर्ड अफ गभर्नर्स बैठक र ५७ औं उच्च स्तरीय सेमिनारमा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिना, कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के, निर्देशकहरू किरण पण्डित, निश्चल अधिकारी, नारायणप्रसाद पोखेललगायतको सहभागिता थियो ।

# गभर्नर अधिकारीद्वारा South Asia Leaders Roundtable लाई सम्बोधन

## 'गरिबी निवारणका निम्ति वित्तीय समावेशीकरण आवश्यक'






गभर्नर महाप्रसाद अधिकारीले गरिबी निवारणको लक्ष्य हासिल गर्नका निम्ति वित्तीय समावेशीकरणको आवश्यकतामा जोड दिनुभएको छ ।

Alliance for Financial Inclusion (AFI) द्वारा २०७८ मङ्सिर १ गते आयोजित South Asia Leaders Roundtable विषयक

भर्चुअल बैठकमा उद्घाटन मन्तव्य राख्दै AFI को सञ्चालक समितिका सदस्यसमेत रहनुभएका गभर्नर अधिकारीले यस्तो धारणा राख्नुभएको हो । उहाँले भन्नुभयो, “गरिबी निवारणको लक्ष्यसम्म पुग्न वित्तीय समावेशीकरण एउटा महत्वपूर्ण पक्ष हो । गरिबी निवारण दक्षिण एसियाकै प्राथमिकतामा रहेकाले यस क्षेत्रका केन्द्रीय बैंकले वित्तीय पहुँचबाहिर रहेका जनसंख्यालाई वित्तीय सेवामा आबद्ध गर्ने गरी नीतिको तर्जुमा र कार्यान्वयन गर्नु अहिलेको आवश्यकता हो ।” पछिल्लो दशकमा दक्षिण एसियामा वित्तीय समावेशीकरणको अवस्थामा उल्लेख्य सुधार देखिएको उहाँको धारणा थियो ।

कोभिड-१९ को महामारीको असरलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ दक्षिण एसियाली क्षेत्रका केन्द्रीय बैंकले समावेशी र दिगो आर्थिक पुनरुत्थानको निम्ति विद्युतीय भुक्तानी प्रणालीलाई अवलम्बन गरेको धारणा गभर्नर अधिकारीले राख्नुभयो । दक्षिण एसियामा वित्तीय समावेशीकरणको लक्ष्यलाई सार्थक तुल्याउन अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरका नीतिगत व्यवस्था, नवीनतम ज्ञान र अनुभवको आदानप्रदान हुनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो । त्यसका निम्ति AFI ले सहजीकरण गर्नसक्ने उहाँको धारणा थियो । वित्तीय समावेशीकरणको साझा लक्ष्यलाई सफल बनाउन AFI मा आबद्ध केन्द्रीय बैंकहरूको क्षेत्रीय आबद्धतालाई सबल बनाउँदै राष्ट्रिय तथा क्षेत्रीय स्तरका रणनीतिको कार्यान्वयनमा सहकार्य गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कोभिड महामारी यताको अवधिमा नेपालमा विद्युतीय भुक्तानी कारोबारमा उल्लेख्य बढोत्तरी आएको आँकडा गभर्नर अधिकारीले प्रस्तुत गर्नुभयो । उहाँका अनुसार २०७७ असारदेखि २०७८ असारसम्मको अवधिमा मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङका ग्राहक संख्या क्रमशः २६ र १३.७ प्रतिशतले वृद्धि भएको छ । यस्तै, रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) मार्फत हुने कारोबारमा ५६ प्रतिशतले वृद्धि भएको जानकारी उहाँले दिनुभयो ।


बैठकमा AFI का कार्यकारी निर्देशक Alfred Hannig ले वित्तीय समावेशीकरणको निम्ति AFI बाट क्षेत्रीयस्तरमा भएका नीतिगत प्रयास, कार्यान्वयनको अवस्था र सहकार्यका सम्भावित क्षेत्रहरूबारे जानकारी गराउनुभयो ।

सो अवसरमा बङ्गलादेश बैंकका गभर्नर Fazle Kabir, माल्दीभ्स मनिटरी अथोरिटीका गभर्नर Ali Hasim, सेन्ट्रल बैंक अफ श्रीलङ्काका गभर्नर Ajith Nirvard Cabraal, रोयल मनिटरी अथोरिटी अफ भुटानका डेपुटी गभर्नर Phajo Dorjee, नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केलगायतले वित्तीय समावेशीकरणको निम्ति आ-आफ्नो मुलुकमा भएका नीतिगत/कार्यगत प्रयासबारे जानकारी दिँदै AFI सँगको आबद्धतामा हासिल भएका अनुभवबारे चर्चा गर्नुभयो ।

साथै, वित्तीय साक्षरताको प्रवर्द्धन, वित्तीय ग्राहक संरक्षणको सुनिश्चितता, डिजिटल बैंकिङको विस्तार, साना तथा मझौला व्यवसायको प्रवर्द्धन गर्दै वित्तीय समावेशीकरणको निम्ति क्षेत्रीय समन्वय र सहकार्यको हुनुपर्ने आवश्यकतामा उहाँहरूले जोड दिनुभएको थियो ।

# मौद्रिक नीतिको त्रैमासिक समीक्षा सार्वजनिक

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ । बैंकले भर्चुअल पत्रकार सम्मेलनमार्फत २०७८ मङ्सिर १० गते सो समीक्षा सार्वजनिक गरेको हो ।




कोभिड-१९ पछिको आर्थिक पुनरुत्थानले गति लिएसँगै कर्जा प्रवाह र आयात उच्च दरले बढेको निष्कर्ष निकाल्दै बढ्दो कर्जा मागलाई व्यवस्थित गर्ने, साधन परिचालनको दायरा बढाउने र उत्पादनशील क्रियाकलापहरूमा स्रोतको अभाव हुन नदिनेतर्फ सजग रही मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता दिइने जनाइएको छ । साथै पछिल्लो शोधनान्तर स्थितिमा परेको चाप र मुद्रास्फीतिमा पर्नसक्ने दवाबलाई ध्यानमा राखी मौद्रिक व्यवस्थापनलाई प्रभावकारी बनाइने नीतिमा उल्लेख छ ।

मौद्रिक नीतिमा उल्लेखित विद्यमान अनिवार्य नगद अनुपात, बैंक दर र वैधानिक तरलता अनुपातको दरलाई यथावत् राखिएको छ । बैंक तथा वित्तीय संस्थाले कर्जा-निक्षेप अनुपात २०७९ असार मसान्तसम्ममा निर्धारित सीमाभित्र कायम गर्ने कार्ययोजना सञ्चालक समितिबाट स्वीकृत गराई राष्ट्र बैंकसमक्ष पेस गरी सोको कार्यान्वयन गर्नुपर्ने व्यवस्था राखिएको छ ।

विदेशी विनिमय सञ्चितिको विद्यमान स्थितिलाई दृष्टिगत गरी तोकिएका वस्तुहरूको आयात प्रतीतपत्र खोल्दा अनिवार्य रूपमा नगद मार्जिन राख्नुपर्ने व्यवस्था गरिने समीक्षामा उल्लेख छ । Documents against payment र Document against acceptance को विद्यमान सीमा पुनरावलोकन गरिने जनाइएको छ । यसै गरी, ड्राफ्ट/टी.टी.को माध्यमबाट आयात गर्दा प्रदान गरिने रकमको अधिकतम सटही सुविधासम्म मात्र चाँदी आयात गर्नको लागि सटही सुविधा प्रदान गर्न सक्ने व्यवस्था गरिनेछ ।

व्यावसायिक कृषि, उत्पादनमूलक उद्योग, पूर्वाधार निर्माण र पर्यटनसँग सम्बन्धित नेपाली फर्म तथा कम्पनीले विदेशबाट संस्थागत ऋण लिन चाहेमा वाणिज्य बैंकहरूले बैंक ग्यारेण्टी जारी गर्न सक्ने व्यवस्था मिलाइने समीक्षामा उल्लेख छ । विदेशी मुद्रामा लिइने ऋणको ब्याजदर तथा शुल्कलगायतका विद्यमान व्यवस्थामा पुनरावलोकन गरिनेछ । गैरआवासीय नेपाली तथा गैरआवासीय नेपाली संलग्न विदेशी संस्थाबाट विदेशी मुद्रामा निक्षेप सङ्कलन गर्न सकिने व्यवस्थालाई सरलीकरण गरिने र विदेशी मुद्राको नन डेलिभरेवल फरवार्ड कारोबारमा रहेको विद्यमान सीमा पुनरावलोकन गरिने समीक्षामा उल्लेख छ ।

# नेशनल पेमेन्ट स्वीचको पहिलो चरणको कार्यान्वयन आरम्भ




नेपालमा नेशनल पेमेन्ट स्वीच सञ्चालनको कार्यान्वयन आरम्भ भएको छ । नेपाल राष्ट्र बैंकले हालै नेशनल पेमेन्ट स्वीच सञ्चालनको जिम्मेवारी नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसीएचएल) लाई दिएसँगै यसको प्रारम्भिक कार्यान्वयन सुरु गरिएको हो ।

नेशनल पेमेन्ट स्वीच कार्यान्वयनको पहिलो चरणमा विभिन्न २९ वटा बैंक तथा वित्तीय संस्था स्वीचसँग आबद्ध भएका छन् । २०७८ मङ्सिर २ गते गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा काठमाडौंमा आयोजित कार्यक्रममा १८ वाणिज्य बैंक, ५ विकास बैंक र ६ वटा वित्त कम्पनीले एनसीएचएलसँग सम्झौता गरी स्वीचसँग आबद्ध छन् ।

नेशनल पेमेन्ट स्वीचको पहिलो चरणमा रिटेल पेमेन्ट स्वीचअन्तर्गत कार्डबाहेक रिटेल कारोबारमा प्रयोग हुने बैंक खाता, इ-वालेट, क्यूआर कोडमार्फत हुने भुक्तानीलाई समेटिएको छ । यसअन्तर्गत नेपाल-क्यूआर स्ट्याण्डर्ड बमोजिम नेपाल-पे क्यूआर तथा इन्टरनेटवर्क क्यूआर, डाइरेक्ट डेबिट रिक्वेस्ट-टु-पे तथा इ-म्यान्डेटका उपकरण, वालेट-वालेटबीच अन्तरआबद्धता, विभिन्न भुक्तानीका लागि बिलर गेटवेमार्फत अन्तरआबद्धता तथा पीएसओ सेटलमेन्टलगायतका भुक्तानी उपकरणहरू उपलब्ध हुने जनाइएको छ । उक्त स्वीच रिटेल भुक्तानीको प्राथमिक पूर्वाधारको रूपमा रही विभिन्न रियल टाइम, नन-रियल टाइम तथा ओपन एपीआइकामार्फत बैंक तथा वित्तीय संस्था र गैरबैंकिङ संस्थाले आफ्ना ग्राहकलाई अन्य थप सेवा पनि प्रदान गर्न सक्नेछन् ।

यसै गरी, दोस्रो चरणमा कार्ड र कार्डसँग सम्बन्धित भुक्तानीको लागि नेशनल कार्ड स्वीच र नेपाल पेमेन्ट कार्ड कार्यान्वयनको निम्ति आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी एनसीएचएलले दिएको छ । बिहीबार आयोजित कार्यक्रममा गभर्नर अधिकारीले नेशनल पेमेन्ट स्वीचको कार्यान्वयनले सुरक्षित, सक्षम र सहज भुक्तानी प्रणाली विकासमा महत्वपूर्ण उपलब्धि हासिल भएको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "बैंक तथा वित्तीय संस्थासँगै भुक्तानी कारोबारमा संलग्न अन्य संस्थाहरूबीच अन्तरआबद्धता स्थापित गरी कारोबारलाई सुरक्षित र स्वस्थ बनाउने दिशामा पेमेन्ट स्वीचको कार्यान्वयन एउटा महत्वपूर्ण उपलब्धि हो ।"

सो अवसरमा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक भुवन कडेल, बैंकिङ विभागका कार्यकारी निर्देशक रामबहादुर मानन्धर, नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष अनिलकुमार उपाध्याय, डेभलपमेन्ट बैंक एसोसिएसन अफ नेपालका अध्यक्ष प्रद्युमन पोखरेल, नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकारी तुलाधरले पेमेन्ट स्वीचको कार्यान्वयनले भुक्तानी प्रणालीलाई थप सुरक्षित र सहज बनाएको चर्चा गर्नुभयो ।

कार्यक्रममा एनसीएचएलका प्रमुख कार्यकारी अधिकृत निलेशमानसिंह प्रधानले आगामी दिनमा थप बैंक तथा वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्थालाई समेत स्वीचमा आबद्ध गरिने जानकारी दिनुभयो । कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, राष्ट्र बैंकका उच्च अधिकारी, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतलगायतको उपस्थिति थियो ।



# घरजग्गा मूल्य सर्वेक्षण प्रतिवेदन सार्वजनिक




नेपाल राष्ट्र बैंकले घरजग्गा मूल्य सर्वेक्षण प्रतिवेदन सार्वजनिक गरेको छ । आर्थिक अनुसन्धान विभागद्वारा मङ्सिर ३ गते आयोजित कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले उक्त प्रतिवेदन सार्वजनिक गर्नुभयो । नेपालको सन्दर्भमा घरजग्गा मूल्य सर्वेक्षण गरिएको यो पहिलो पटक हो ।

सर्वेक्षण नतिजाअनुसार आर्थिक वर्ष २०७६/७७ मा वाणिज्य बैंकहरूबाट प्राप्त तथ्याङ्कको आधारमा वार्षिक औसत घरजग्गा मुद्रास्फीति दर २६.४५ प्रतिशत रहेको पाइएको छ । यस्तै, मालपोत कार्यालयबाट प्राप्त तथ्याङ्कको यस्तो मुद्रास्फीति दर १९.७३ प्रतिशत रहेको सर्वेक्षणले देखाएको छ ।

यसै गरी, आर्थिक वर्ष २०७७/७८ को पहिलो नौ महिनामा यस्तो मुद्रास्फीति क्रमशः १६.३१ र १२.५७ प्रतिशत रहेको पाइएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७७/७८ को पहिलो नौ महिनामा घरजग्गाको कारोबारमा केही शिथिलता आएकोले मुद्रास्फीति केही कम रहेको निष्कर्ष सर्वेक्षणले देखाएको छ ।

घरजग्गा मूल्य सूचकाङ्क तयारीको निम्ति प्रत्येक प्रदेशको भौगोलिक अवस्थिति, कारोबारको सघनता र तथ्याङ्क उपलब्धतासमेतलाई दृष्टिगत गरी नमूनामा परेका २० वटा जिल्लाका २० स्थानलाई तथ्याङ्क स्रोत केन्द्रको रूपमा छनोट गरी त्यस्ता तथ्याङ्क स्रोत केन्द्रबाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।


छनोट भएका जिल्लाभित्र घरजग्गाको धेरै कारोबार हुने नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका छनोट गरी त्यसभित्रका सर्वाधिक हुने दुई वटा वडामा सर्वेक्षण केन्द्रित गरिएकोमा तत्काल कायम छ वटा महानगर क्षेत्रलाई तथ्याङ्क स्रोत केन्द्रमा पर्नेगरी छनोट गरिएको थियो । सो स्थानका सम्बन्धित मालपोत कार्यालयबाट जग्गा र घरजग्गाको रजिष्ट्रेसन कारोबारको आधारमा घरजग्गा मूल्य तथ्याङ्क सङ्कलन गरिएको हो । वित्तीय क्षेत्र विकास रणनीति (२०७३/७४-२०७७/७८) मा घरजग्गा मूल्य सूचकाङ्क तयार गर्ने जिम्मेवारी नेपाल राष्ट्र बैंकलाई दिइएकोमा आर्थिक वर्ष २०७५/७६ लाई आधार वर्षको रूपमा लिई घरजग्गा सर्वेक्षण गरिएको थियो ।

घरजग्गाको मूल्यमा आउने उतारचढाव मापन गर्ने उद्देश्यले सञ्चालित उक्त सर्वेक्षणपश्चात् घरजग्गा मुद्रास्फीति मापन गर्न सूचकाङ्क निर्माण गरिएको छ । यसरी प्राप्त हुने घरजग्गा मूल्य सूचकाङ्क त्रयमासिक रूपमा नियमित प्रकाशन गरिने जानकारी आर्थिक अनुसन्धान विभागले दिएको छ ।

कार्यक्रममा गभर्नर अधिकारीले पहिलो पटक सञ्चालित घरजग्गा सर्वेक्षणमा सबै स्थान र पक्षलाई समेट्न नसकिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "घरजग्गा मूल्य सर्वेक्षणमा यो हाम्रो पहिलो प्रयास हो । त्यसैले सबै स्थान र पक्षलाई समेट्न सकिएको छैन । आगामी दिनमा सार्वजनिक हुने सूचकाङ्कमा विस्तृत विवरण समेट्ने प्रयास गर्नेछौं ।"

सो अवसरमा विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले स्वागत मन्तव्य राख्दै घरजग्गा मूल्य सर्वेक्षण प्रक्रियाबारे प्रकाश पार्नुभयो । विभागका उप-निर्देशक डा. गणेशप्रसाद गौतमले सर्वेक्षणका आधारभूत पक्ष र नतिजाबारे संक्षिप्त प्रस्तुति दिनुभयो । यसै गरी, त्रिवि, तथ्याङ्कशास्त्र केन्द्रीय विभागका उप-प्राध्यापक एवम् सर्वेक्षण उपसमितिका सदस्य प्रभात उप्रेतीले सर्वेक्षणको प्राविधिक पक्षबारे जानकारी दिनुभयो ।

आर्थिक अनुसन्धान विभागका उप-निर्देशक सृजना श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



# अध्यक्ष शकिबद्वारा गभर्नर अधिकारीसमक्ष शपथ ग्रहण

नेपाल बङ्गलादेश बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष एआरएम नजमुस शकिबले गभर्नर महाप्रसाद अधिकारीसमक्ष २०७८ मङ्सिर ६ गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ । शपथ ग्रहणपछि गभर्नर अधिकारीले अध्यक्ष शकिबलाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो ।

नेपाल बङ्गलादेश बैंक लिमिटेड सञ्चालक समितिको मङ्सिर २ गते बसेको बैठकले शकिबलाई अध्यक्ष चयन गरेको थियो । उहाँ बङ्गलादेशस्थित इन्टरनेशनल फाइनान्स इन्भेष्टमेन्ट एण्ड कमर्स बैंकको प्रतिनिधित्व गर्दै नेपाल बङ्गलादेश बैंकको अध्यक्ष हुनुभएको हो । अध्यक्षको कार्यकाल चार वर्ष हुने प्रावधान छ ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ । सोही ऐनको दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले राष्ट्र बैंक समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।



# गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना




गभर्नरको कार्यालयले मङ्सिर २८ गते काठमाडौंमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यालयले भौतिक उपस्थिति र भर्चुअल दुवै माध्यमबाट उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक भुवन कडेलले 'केन्द्रीय बैंक विद्युतीय मुद्रा (सीबीडीसी)' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले सीबीडीसीको अवधारणा, यसको विकासक्रम, सीबीडीसीको स्वरूप, अन्तर्राष्ट्रियस्तरमा सीडीबीसीको अभ्यास, यसको सकारात्मक पक्ष, सम्भावित चुनौती र भावी कार्यदिशाबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा विभिन्न विभाग/कार्यालयका करिब ७० जना कर्मचारीको सहभागिता थियो । कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले नेपालमा सीडीबीसीको सान्दर्भिकतबाारे थप अध्ययन हुनुपर्ने आवश्यकता औंल्याउदै समापन मन्तव्य राख्नुभयो ।

कार्यक्रममा गभर्नरको कार्यालयका का.मु. कार्यकारी निर्देशक मुक्तिनाथ सापकोटाले सहभागीलाई धन्यवाद दिँदै कार्यक्रम समापन गर्नुभयो भने उप-निर्देशक डा.भागवत आचार्यले कार्यक्रम सञ्चालन गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

# चौथो रणनीतिक योजना तर्जुमासम्बन्धी अन्तरक्रिया



संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले नेपाल राष्ट्र बैंकको चौथो रणनीतिक योजना (२०२२-२०२६) तर्जुमा गर्ने सिलसिलामा कात्तिक १५ र १६ गते अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । विभागले भर्चुअल माध्यममार्फत उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, बैंकका सञ्चालक एवम् रणनीतिक योजना तर्जुमा समितिका संयोजक रामजी रेग्मी, विभिन्न विभाग तथा कार्यालयका प्रमुख, योजना तर्जुमा कार्यदलका सदस्य र विभाग/कार्यालयका तोकिएका अधिकृत (फोकल पर्सन) हरूको सहभागिता थियो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले चौथो रणनीतिक योजना (२०२२-२०२६) तर्जुमा गर्ने सम्बन्धमा बैंकका विभाग, महाशाखा, इकाई तथा कार्यालयबाट तोकिएको ढाँचामा विवरण सङ्कलन भएको र ती विभाग/कार्यालयसँग सम्बन्धित रणनीतिक स्तम्भअन्तर्गतका उद्देश्य, रणनीति र रणनीतिक कार्यक्रमहरू संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले एकीकृत गरी रणनीतिक योजना तर्जुमा कार्यदल र तर्जुमा समितिसमक्ष पेश गरिएको जानकारी दिनुभयो ।

कार्यक्रममा उप-निर्देशक निरज अधिकारीले बैंकका विभाग/कार्यालयबाट प्राप्त चौथो रणनीतिक योजनाको लागि प्रस्ताव गरिएका १३ वटा रणनीतिक स्तम्भअन्तर्गतका उद्देश्य, रणनीति तथा कार्ययोजनाबारे प्रस्तुति दिनुभयो । उक्त प्रस्तुतिउपर छलफल गरी प्रस्तावित रणनीति तथा रणनीतिक कार्यक्रमहरू परिमार्जन गरिएको थियो ।

सो अवसरमा योजना तर्जुमा समितिका संयोजक रामजी रेग्मीले विभिन्न विभाग/कार्यालयका प्रस्तावित रणनीति र कार्यक्रमलाई छलफलमार्फत अझ परिस्कृत बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । डेपुटी गभर्नर बमबहादुर मिश्रले प्रस्तावित चौथो रणनीतिक योजनालाई नतिजामुखी र समय सान्दर्भिक बनाउन सम्बन्धित विभाग/कार्यालयका फोकल पर्सनबाट थप प्रयास हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले अन्तरक्रिया कार्यक्रमबाट प्रस्तावित रणनीति तथा रणनीतिक कार्यक्रमको परिमार्जनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईले धन्यवाद ज्ञापन गर्दै समापन मन्तव्य राख्नुभयो भने का.मु. निर्देशक शरणकुमार अधिकारीले स्वागत मन्तव्य राख्नुभएको थियो । सहायक निर्देशक सुमन बलामीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# धनगढीमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



धनगढी कार्यालयले मङ्सिर १३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका उप-निर्देशक अवन्तिका रिमालले 'Central Bank Digital Currency (CBDC)' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

त्यस क्रममा उप-निर्देशक रिमालले वार्ताका क्रममा विश्वव्यापी रूपमा विद्युतीय मुद्राको प्रयोग बढ्दै गएको सन्दर्भमा केन्द्रीय बैंकहरूले पनि CBDC को औचित्य, सम्भाव्यता एवम् कार्यान्वयन पक्षबारे अध्ययन गरिरहेको उल्लेख गर्दै यसको प्रयोगबाट आउन सक्ने चुनौतीको विषयमा समेत चर्चा गर्नुभयो । साथै उहाँले CBDC को लागि नेपाल राष्ट्र बैंकले गर्नुपर्ने पूर्वतयारी तथा नीतिगत व्यवस्थाबारे चर्चा गर्दै विद्युतीय मुद्राको विश्वव्यापी अभ्यासबारे जानकारी दिनुभयो ।

धनगढी कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रमको सञ्चालन सहायक निर्देशक तुलसा ओझाले गर्नुभएको थियो ।

# पोखरामा विदेशी विनिमय र समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम

पोखरा कार्यालयले मङ्सिर ३ गते विदेशी विनिमय कारोबार इजाजतपत्र नलिएका सम्भावित पर्यटन व्यवसायी तथा अन्य सरोकारवालाको सहभागितामा विदेशी विनिमय व्यवस्थापनसम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।




पोखरा कार्यालयका निर्देशक ईश्वरीप्रसाद भट्टराईको अध्यक्षता र विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक इन्द्रा चम्लागाईंको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा पोखरास्थित विदेशी मुद्रा कारोबार गर्ने इजाजतपत्र नलिएका होटल व्यावसायी, ट्रेकिङ व्यावसायी, ट्राभल एजेन्सीका प्रतिनिधि, पश्चिमाञ्चल होटल संघका प्रतिनिधि, पर्यटन प्रहरीलगायत ५७ जनाको सहभागिता थियो ।

कार्यक्रममा पोखरा कार्यलयका उप-निर्देशक रामकुमार कार्कीले वार्ता प्रस्तुत गर्दै विदेशी मुद्राको परिचय, नेपालमा कारोबार हुने विदेशी मुद्रा, विदेशी मुद्राको आवश्यकता र कारोबार, विदेशी मुद्रा कारोबार गर्न इजाजतपत्र लिनुपर्ने कानुनी व्यवस्था, प्रक्रिया, इजाजतपत्र नलिई विदेशी मुद्रा कारोबार गर्दा हुने दण्ड, सजायलगायतका विषयमा चर्चा गर्नुभयो ।

सो अवसरमा निर्देशक चम्लागाईंले विदेशी विनिमय इजाजतपत्र सम्बन्धमा थप प्रष्ट पार्दै सहभागीको तर्फबाट उठेका जिज्ञासाको जवाफ दिनुभयो । साथै उहाँले इजाजतपत्र लिएर मात्रै विदेशी मुद्रा कारोबार गर्नसमेत सहभागीलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा निर्देशक भट्टराईले गण्डकी प्रदेशको पर्यटनसम्बन्धी तथ्याङ्क प्रस्तुत गर्दै समग्र मुलुकको मौद्रिक व्यवस्थापन तथा बाह्य क्षेत्र व्यवस्थापनमा विदेशी मुद्रा कारोबारसम्बन्धी यथार्थ तथ्याङ्कको आवश्यकता रहेको औंल्याउदै औपचारिक विदेशी विनिमय बजारको विकासका लागि कानुनबमोजिम विदेशी मुद्रा कारोबारको इजाजत लिन पर्यटन व्यवसायीलाई आग्रह गर्नुभयो ।

सो अवसरमा सहायक निर्देशक ज्ञाज शर्माले स्वागत मन्तव्य प्रधान सहायक दलबहादुर थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।




यसै गरी, सो कार्यालयले मङ्सिर २१ गते बैंकिङ तथा आर्थिक क्षेत्रसँग सम्बन्धित समसामयिक विषयमा बैंक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक भट्टराईको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, मनिचेञ्जर व्यावसायीलगायत ४८ जनाको सहभागिता थियो । सो अवसरमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिले तरलता अभाव, कोभिड महामारीका कारण कर्जा असुलीमा परेको समस्यालगायतका विषयमा धारणा राख्नुभयो । तरलता अभावका कारण लामो समयका निम्ति प्रवाह हुने ऋणको व्यवस्थापनमा समस्या आएको उहाँहरूको भनाइ थियो ।

कार्यक्रममा निर्देशक भट्टराईले सहभागीका जिज्ञासाको जवाफ दिँदै तरलता अभावको विद्यमान परिस्थितिमा उपलब्ध स्रोत र साधनको प्रभावकारी व्यवस्थापन गर्न बैंक तथा वित्तीय संस्थालाई आग्रह गर्नुभयो । वित्तीय क्षेत्रका समस्यालाई बैंकर्स एसोसिएसनमार्फत एकमुष्ट रूपमा प्रस्तुत गर्नसमेत उहाँले सुझाव दिनुभयो ।

कार्यक्रममा उप-निर्देशक प्रतिभा अधिकारीले स्वागत मन्तव्यका साथ कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक तारा पोखरेल शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# धनगढीमा वाणिज्य बैंकका प्रादेशिक प्रमुखहरूसँग अन्तरक्रिया




धनगढी कार्यालयले मङ्सिर ८ गते सुदूरपश्चिम प्रदेशस्थित वाणिज्य बैंकका प्रादेशिक प्रमुखहरूसँग समसामयिक बैंकिङ गतिविधि तथा सुपरिवेक्षण विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेको अध्यक्षता र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सुदूरपश्चिम प्रदेशस्थित वाणिज्य बैंकका प्रादेशिक प्रमुखलगायत ४० जनाको सहभागिता थियो ।

सो अवसरमा कार्यकारी निर्देशक भट्टले वर्तमान आर्थिक तथा वित्तीय अवस्था एवम् सुपरिवेक्षणका क्रममा देखिने गरेका कैफियतबारे जानकारी दिँदै उत्पादनशील क्षेत्रमा कर्जा लगानीलाई प्राथमिकता दिन र जोखिम व्यवस्थापनमा थप सजगता अपनाउन बैंक तथा वित्तीय संस्थालाई आग्रह गर्नुभयो । पछिल्लो समयमा आयात उच्च रूपमा बढेको, विप्रेषण आप्रवाह घटेको र पुँजीगत खर्चले उल्लेख्य रूपमा गति लिन नसकेका कारण तरलतामा चाप परेको उल्लेख गर्दै उहाँले यस्तो अवस्था अझै केही समय रहनसक्ने अनुमान गर्नुभयो ।

सो अवसरमा वाणिज्य बैंकका प्रतिनिधिहरूले निक्षेप सङ्कलन र कर्जा प्रवाहमा रहेका समस्या एवम् चुनौतीका बारेमा जानकारी गराउँदै कृषि क्षेत्रमा कर्जा प्रवाह गर्दा कृषि उपजको मूल्याङ्कन, कृषि बालीको बीमालगायतमा समस्या रहेको धारणा राख्नुभयो । यस क्रममा उत्पादनशील क्षेत्रमा कर्जा लगानी प्रोत्साहन गर्दा सुदूरपश्चिम प्रदेशको आवश्यकताअनुरूप हुनेगरी नीतिगत व्यवस्था हुनुपर्ने आवश्यकता औँल्याइएको थियो ।

कार्यक्रममा धनगढी कार्यालयका निर्देशक घिमिरेले समापन मन्तव्य राख्दै नेपाल राष्ट्र बैंकबाट जारी भएका नीति/निर्देशनको छिद्र खोज्ने प्रवृत्तिको अन्त्य गर्दै नीतिगत व्यवस्थाको पालना गर्न बैंक तथा वित्तीय संस्थाको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा धनगढी कार्यालयका उप-निर्देशक अवन्तिका रिमालले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक झकेन्द्रबहादुर शाहीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विराटनगरमा समसामयिक विषयमा अन्तरक्रिया




विराटनगर कार्यालयले कात्तिक १६ गते प्रदेश नं. १ स्थित वाणिज्य बैंकका प्रदेश प्रमुख र प्रदेशस्थित केन्द्रीय कार्यालय रहेका विकास बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यालयका निर्देशक सत्येन्द्र तिमिल्सिनाको सभापतित्वमा आयोजित कार्यक्रममा आन्तरिक प्रशासन इकाई उप-निर्देशक शिखा अधिकारी रेग्मीले बैंक तथा वित्तीय संस्थाले बैंकिङ कारोबार सञ्चालन जोखिम व्यवस्थापनमा समन्वयात्मक ढङ्गले कार्यसम्पादन गर्नुपर्ने धारणा राख्नुभयो । मुद्रा व्यवस्थापन इकाईका उप-निर्देशक लक्ष्मीप्रसाद तिम्सिनाले सफा नोट नीतिको कार्यान्वयनसँगै नोटको सुरक्षा र सर्टिङमा विशेष ध्यान दिन सरोकारवालालाई आग्रह गर्नुभयो ।

यसै गरी, बैंकिङ इकाईका उप-निर्देशक मनोज गुरुङले नोट सर्टिङमा एकरूपता कायम गर्न, नोट ओसारपसार गर्दा सुरक्षित बाकसको प्रयोग गर्न तथा बैकिङ समयभित्रै नगद दाखिला गर्न आग्रह गर्नुभयो । आर्थिक अनुसन्धान इकाईका उप-निर्देशक अमृतबहादुर बुढाथोकीले स्वागत मन्तव्य राख्दै कर्जा, निक्षेप, सेवा शुल्क तथा कालोसूचीका सम्बन्धमा कार्यालयमा प्राप्त वित्तीय ग्राहकका उजुरी तथा गुनासोका सम्बन्धमा सरोकारवाला निकायका प्रतिनिधिको ध्यानाकर्षण गराउँदै वित्तीय ग्राहक संरक्षणमा ध्यान दिइनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा सहभागी बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख र प्रमुख कार्यकारी अधिकृतहरूले सहुलियतपूर्ण कर्जामा देखिएको समस्याका सम्बन्धमा आ-आफ्ना धारणा राख्दै नगद कारोबार, चेक क्लियरिङसँग सम्बन्धित समस्याहरू यथाशीघ्र समाधान गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

कार्यक्रमको समापन मन्तव्यका क्रममा निर्देशक तिमिल्सिनाले बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिलाई तोकिएको शाखामार्फत नगद दाखिला गर्न आग्रह गर्दै आफूलाई सहज हुने नोटकोषबाट नगद कारोबार गर्दा कारोबारको सुरक्षा हुने धारणा राख्नुभयो । कोणबाट कारोवार सुरक्षित हुने धारणा व्यक्त गर्नुभयो । कार्यक्रम सहायक निर्देशक निर्जल घिमिरेले सञ्चालन गर्नुभएको थियो ।

# नेपालमा मौद्रिक नीति आधुनिकीकरणका प्रयास र आगामी मार्ग



मित्रप्रसाद तिम्सिना
उप-निर्देशक, नेपाल राष्ट्र बैंक

## विषय प्रवेश

समष्टिगत आर्थिक स्थायित्व हासिल गर्न उपलब्ध उपकरणको प्रयोग गरी मुद्रा र कर्जाको उपलब्धता, लागत र उपयोगलाई प्रभाव पार्ने उद्देश्यले केन्द्रीय बैंक वा मौद्रिक अधिकारीले जारी गरेको नीतिलाई 'मौद्रिक नीति' भनिन्छ । मौद्रिक नीतिले अर्थतन्त्रमा हुने आर्थिक क्रियाकलापलाई दुई चरहरू (Variables) मुद्राको आपूर्ति र ब्याजदरका माध्यमबाट प्रभाव पार्दछ ।

नेपालमा मौद्रिक नीतिको औपचारिक अभ्यासको सुरुआत २०२३ साउन ३१ बाट भएको हो । मौद्रिक नीतिको आधुनिकीकरण प्रयासलाई (क) २०५८ सम्मको चरण र (ख) २०५८ देखि हालसम्मको चरणमा विभाजन गर्न सकिन्छ ।

## पहिलो चरण

- २०२३ सालमा पहिलो पटक मौद्रिक नीतिको उपकरण कर्जा नियन्त्रणका माध्यमबाट जारी भएको थियो । यसअन्तर्गत बैंक तथा वित्तीय संस्थाले अनिवार्य नगद अनुपात राख्नुपर्ने तथा राष्ट्र बैंकले तोकेबमोजिम ब्याजदर कायम गर्नुपर्नेलगायतको व्यवस्था थियो ।
- वि.सं. २०३१ मा राष्ट्र बैंकले बैंकदर तोक्न सक्ने, बैंक तथा वित्तीय संस्थाले लिने/दिने ब्याजदर तथा तरलता सम्बन्धमा राष्ट्र बैंकले निर्देशन दिन सक्ने र बैंक तथा वित्तीय संस्थाले यसको पालना गर्नुपर्ने व्यवस्था राखियो । उक्त संशोधनले वाणिज्य बैंक, औद्यागिक कर्जा वा कृषि कर्जा दिने बैंक वा वित्तीय संस्थालाई राष्ट्र बैंकले कर्जा तथा पुनर्कर्जा दिन सक्ने व्यवस्था गरेको देखिन्छ ।
- २०४५ सालसम्म तोकिएको मौद्रिक योगाङ्क कायम गर्न प्रशासनिक प्रयास भएकोमा त्यसपछि खुला बजार कारोबार जस्ता बजारमा आधारित उपकरणलाई प्रयोग गरेको देखिन्छ ।
- २०४५ मङ्सिरदेखि ९१ दिने ट्रेजरी बिल बोलकबोल प्रथाको सुरुआत भयो । बजार दरमा आधारित उपकरणले एकातिर वाणिज्य बैंक वा वित्तीय संस्थासँग रहेको अधिक तरलताको व्यवस्थापन र अर्कोतिर खुला बजारको विकास गरी केन्द्रीय बैंकलाई अप्रत्यक्ष कर्जा नियन्त्रणको उपाय अवलम्बन गर्न सहयोग पुगेको देखिन्छ ।
- नेपाल राष्ट्र बैंकले तोक्दै आएको बैंक तथा वित्तीय संस्थाले ग्राहकबाट लिने निक्षेप र कर्जाको ब्याजदर २०४६ भदौ १५ बाट वित्तीय संस्थाले नै निर्धारण गर्न सक्नेगरी ब्याजदरमा स्वतन्त्रता दिएको देखिन्छ ।
- मौद्रिक नीतिको प्रभावकारिता अभिवृद्धि गर्न बैकिङ क्षेत्रको तरलता व्यवथापनका लागि २०४८ पुसदेखि नेपाल राष्ट्र बैंक ऋणपत्र निष्कासन गर्न थालेको देखिन्छ ।
- मुद्रा बजारको विकासलाई समयानुकुल प्रभाव पार्न आर्थिक वर्ष २०५१/५२ देखि ट्रेजरी बिल्स र नेपाल राष्ट्र बैंक ऋणपत्रको दोस्रो बजार सुरु भएको देखिन्छ ।

यस अवधिमा मौद्रिक नीति सुदृढीकरण गर्ने हेतुले देहायका अध्ययन तथा कार्यक्रम भएको देखिन्छ ।

- यो अवधिमा बैंकबाट (क) नेपालको वित्तीय संरचनाको विकाससम्बन्धी अध्ययन गरी मौद्रिक नीतिको सञ्चालन कति सहज वा कठिन रहेको र मौद्रिक नीतिको प्रभावकारितामा त्यसको असर के-कस्तो परेको छ भन्ने सम्बन्धमा, (ख) बाह्य कारकले आर्थिक तथा मौद्रिक स्थितिमा कस्तो परिवर्तन ल्याउँछन् र ती समस्यासँग जुध्नका लागि मौद्रिक नीतिको झुकाव कस्तो रहिआएको छ भन्ने सम्बन्धमा, (ग) बाह्य कारकको प्रवृत्तिमा नेपालको मुद्रा बजारले कस्तो प्रतिक्रिया देखाउँछ भन्ने सम्बन्धमा, (घ) ऋणपत्रको निष्कासनमा विविधता ल्याउने र यसको सञ्चालन पद्धतिका सम्बन्धमा अध्ययन भएको देखिन्छ भने SEACEN Centre को संयोजकत्वमा नेपाललाई समेत समावेश गरी Monetary Policy in SEACEN Countries विषयक अध्ययन भएको देखिन्छ ।
- नेपाली रुपैयाँको यथार्थ विनिमय दरमा हुने परिवर्तनको प्रवृत्ति पहिल्याउन यथार्थ विनिमय दरसम्बन्धी मोडेल विकास भएको देखिन्छ भने सञ्चित मुद्रा कार्यक्रमलाई सुदृढ बनाउन मनिटरी प्रोग्रामिङ टेक्निकल कमिटी गठन भएको देखिन्छ ।

## दोस्रो चरण

- २०५८ माघ १७ गतेदेखि लागू भएको नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४४ ले मौद्रिक नीति निर्माण र कार्यान्वयन गर्ने अधिकार नेपाल राष्ट्र बैंकलाई प्रदान गरेको छ ।
- ऐनमा मौद्रिक नीति प्रकाशन गर्नुपर्ने व्यवस्था भएअनुरूप आर्थिक वर्ष २०५९/६० देखि वार्षिक रूपमा नेपाल राष्ट्र बैंकले मौद्रिक नीति जारी गर्ने गरेको छ । आर्थिक वर्ष २०६०/६१ देखि अर्द्धवार्षिक र २०७३/७४ देखि त्रैमासिक रूपमा सोको समीक्षासमेत जारी गर्दै आएको छ ।
- मौद्रिक नीतिको प्रभावकारिता अभिवृद्धि गन गैरबैकिङ क्षेत्रको बचतलाई परिचालन गर्न २०५८ चैतबाट नागरिक बचत पत्रको निष्कासन गर्न थालेको देखिन्छ ।
- अल्पकालीन तरलताको स्थिति अनुगमन तथा प्रक्षेपण गर्न २०६१ असार ३१ देखि तरलता अनुगमन तथा प्रक्षेपण संरचना (Liquidity Monitoring and Forecasting Famework) सञ्चालनमा ल्याएको देखिन्छ ।
- आर्थिक वर्ष २०६०/६१ मा नेपाल राष्ट्र बैंकको खुद आन्तरिक सम्पत्तिलाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा

लिइएकोमा २०६१/६२ देखि वाणिज्य बैंकको अधिक तरलतालाई सञ्चालन लक्ष्यको रूपमा लिइँदै आएको देखिन्छ ।

- 'नेपाल राष्ट्र बैंक मौद्रिक नीति तर्जुमा कार्यविधि, २०७३' जारी गरी मौद्रिक नीति तर्जुमा गर्दा अपनाउनुपर्ने प्रक्रियाका सम्बन्धमा नीतिगत व्यवस्था गरेको छ ।
- तरलता व्यवस्थापनलाई बजारमा आधारित बनाउने उद्देश्यका साथ आर्थिक वर्ष २०७३/७४ देखि ब्याजदर करिडोर कार्यान्वयनमा ल्याएको छ ।
- मौद्रिक नीतिको संचालन लक्ष्यको रूपमा आर्थिक वर्ष २०७३/७४ देखि बाणिज्य बैंकहरूबीचको अन्तरबैंक कारोबार दरलाई समेत लिएकोमा सोलाई परिमार्जन गरी आर्थिक वर्ष २०७७/७८ देखि बैंक तथा वित्तीय संस्थाबीचको अन्तरबैंक कारोबार दरलाई लिन थालेको छ ।

## आधुनिकीकरणका निम्ति भएको अध्ययन तथा कार्यान्वयन

- नेपालमा मौद्रिकीकरणको अवस्था र नेपालमा मुद्रा प्रदाय र मुद्रास्फीतिबीचको तथ्याङ्कीय सम्बन्ध हेर्ने उद्देश्यले 'Money Price Relationship - A Revisit' नामक अध्ययन भएको छ ।
- तरलता व्यवस्थापन सुदृढीकरण सम्बन्धमा अन्तर्राष्ट्रिय मुद्रा कोषबाट प्राविधिक सहायता प्राप्त भएको छ ।
- त्यसै गरी, अर्थतन्त्रको परिदृश्यको अनुमानलाई वस्तुगत बनाउन गणितीय मोडेलको विकास गर्ने कार्य गरिँदै आएको छ ।

यी प्रयासको उद्देश्य भनेको मुद्रा प्रदायमाथिको पकड सुदृढ बनाउने, ब्याजदरमा स्थायित्व प्रदान गर्ने र अन्तिम लक्ष्यमा अनुमानयोग्य प्रभाव पार्ने हो ।

## मौद्रिक नीति सुधारका क्षेत्रहरू

मौद्रिक नीति प्रभावकारिता अभिवृद्धि निरन्तर चलिरहने कार्य हो । एक समयमा प्रभावकारी रहेको मौद्रिक नीति अर्को समयमा अप्रभावकारी हुन सक्छ भने एक देशमा प्रभावकारी रहेको नीति अर्को देशमा उपयुक्त नहुन सक्छ । अर्थतन्त्रको प्रकृति, वित्तीय क्षेत्रको अवस्था, उद्देश्यमा स्पष्टता, केन्द्रीय बैंकको स्वायत्तता, केन्द्रीय बैंकमाथिको विश्वास, मौद्रिक अधिकारीसँग उपलब्ध तथ्याङ्क, नीति निर्माताको क्षमता र विवेक, मौद्रिक नीति प्रशारण संयन्त्रको प्रभावकारिता आदि महत्वपूर्ण हुन्छन् । मौद्रिक नीतिको प्रभावकारिताका लागि देशको विविध पक्षको विश्लेषण गर्दै अन्तर्राष्ट्रिय अभ्यासलाई समेत मध्यनजर राख्नु आवश्यक छ । नेपालको सन्दर्भमा मौद्रिक नीति आधुनिकीकरणका लागि देहायका कार्यहरू आवश्यक रहेको देखिन्छ ।

- नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा मौद्रिक नीतिको उद्देश्य स्पष्ट रूपमा उल्लेख नभएकाले नीतिगत रूपमा मौद्रिक नीतिको उद्देश्य किटानी गर्ने ।
- मौद्रिक नीतिको व्यावहारिक रूपमा बहुलक्ष्य किटान गर्ने गरिएको सन्दर्भमा अन्य केन्द्रीय बैंकले अपनाएको अभ्याससमेतलाई दृष्टिगत गरी मूल्य स्थायित्वलाई प्राथमिक लक्ष्यको रूपमा किटान गर्ने ।
- बैंक स्वयम्ले मुद्रास्फीतिको मध्यकालीन लक्ष्य किटानी गर्ने अभ्यास नरहेको सन्दर्भमा वार्षिक लक्ष्यका अतिरिक्त बैंकको रणनीतिक योजनामा मध्यकालीन लक्ष्यसमेत किटानी गर्ने ।
- आर्थिक वर्ष २०५९/६० पछि हालसम्म जारी भएका मौद्रिक नीति नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिका अतिरिक्त वित्तीय क्षेत्र सुदृढीकरण नीति, लघुवित्त नीति, भुक्तानी प्रणाली सुदृढीकरण नीति तथा विदेशी विनिमय व्यवस्थापन नीतिको सङ्गालोको रूपमा जारी हुने गरेको छ । उक्त सन्दर्भमा मौद्रिक नीति र अन्य नीतिहरू अलगअलग बनाई मौद्रिक नीति आवधिक र अन्य नीति आवश्यकताका आधारमा तर्जुमा गर्ने ।
- अध्ययन अनुसन्धान गर्ने, मौद्रिक नीतिका सम्बन्धमा कार्य गर्ने तथा आर्थिक र मौद्रिक तथ्याङ्क सङ्कलन, प्रशोधन र व्यवस्थापनलगायतका कार्य आर्थिक अनुसन्धान विभागबाट भइरहेको सन्दर्भमा एउटै विभागबाट धेरै किसिमका कार्य गर्दा उच्च कार्यबोझ हुने तथा कार्यगत विशिष्टीकरणलाई प्रभावकारी बनाई अपेक्षित नतिजा प्राप्त गर्न मौद्रिक नीति समितिको सचिवालयको कार्य गर्ने गरी मौद्रिक नीति विभागको स्थापना गर्ने । मौद्रिक नीति विभागमा मौद्रिक नीति तर्जुमा, FPA लगायतका इकाईहरू स्थापना गर्ने । आर्थिक अनुसन्धान विभागले अर्थतन्त्रका विविध पक्षमा अध्ययनसम्बन्धी कार्यमा जोड दिने ।
- मौद्रिक नीति तर्जुमाका लागि आवश्यक उच्च आवृतिका तथ्याङ्कहरू आवश्यक पर्ने कारण सोको तयारी गर्ने, सोको डेटावेस तयार गर्ने तथा प्रकाशन गर्ने कार्यतर्फ जोड दिन आवश्यक छ । अतः तथ्याङ्क सङ्कलन गर्ने भनी छरिएर रहेका विभिन्न विभागका तथ्याङ्क इकाईलाई एकीकृत गरी छुट्टै तथ्याङ्क विभाग स्थापना गर्ने । यस विभागलाई तथ्याङ्कको दीर्घकालीन संरक्षण गर्ने जिम्मेवारी प्रदान गर्ने ।
- मौद्रिक नीति सम्बन्धमा निर्णय व्यवस्थापन समिति र सञ्चालक समितिबाट हुँदै आएकोले विशिष्टीकृत समिति (मौद्रिक नीति समिति) बनाउने ।
- मौद्रिक नीति जारी गर्ने समयतालिकाको अभावमा नीति जारी हुने मिति निश्चित नगरिएको सन्दर्भमा मौद्रिक नीति सञ्चार प्रभावकारी बनाउन समयतालिका तयार गरी लागू गर्ने ।
- मौद्रिक नीति सधैं भविष्यपरक हुने, अर्थतन्त्रको परिदृश्यको आधारमा उक्त नीति तर्जुमा गरिने तथा मौद्रिक उपकरणका सम्बन्धमा निर्णय गर्ने समयमा विगत (एक महिना, एक त्रयमास वा एक वर्षअगाडि) का तथ्याङ्क रहने कारण हालको अवस्था थाहा पाउन Nowcasting र भविष्यको परिदृश्य थाहा पाउन Forecasting गर्न उपयुक्त गणितीय मोडलको विकास गर्ने ।
- विवेक र सूत्रमा आधारित मौद्रिक नीतिको प्रयोग भइरहेको सन्दर्भमा सूत्रमा आधारित मौद्रिक नीतिको प्रयोगलाई बढावा दिन FPAS को विकासमा जोड दिने ।
- मौद्रिक नीतिका उपकरणका सम्बन्धमा

निर्णय गर्दा मौद्रिक अधिकारीले Nowcasting तथा Forecasting प्रकाशन गर्दा सोमा प्रयोग भएका तथ्य तथ्याङ्क तथा प्रक्रियासमेत प्रकाशन गर्ने अभ्यास अवलम्बन गर्ने ।

- बैंकिङ प्रणालीमा तरलताको स्तरमा उतारचढावको व्यवस्थापन गरी ब्याजदरमा स्थिरता कायम गर्न तरलता व्यवस्थापनको Dynamic र Defensive रणनीति तर्जुमा गर्ने ।
- सरोकारवाला पक्षको अपेक्षालाई अपेक्षित दिशामा डोहोऱ्याउन मौद्रिक नीति सम्बन्धमा भविष्यमा लिइने नीतिलाई सङ्केत गर्ने कार्य आर्थिक वर्ष २०५९/६० को मौद्रिक नीतिमा रहेको सन्दर्भमा यस्तो अभ्यास आगामी दिनमा अवलम्बन गर्ने ।
- गैरपरम्परागत मौद्रिक नीति अवलम्बन गर्दा प्रयोग गरिने उपायहरूको Exit Plan सहित कार्यान्वयनमा लैजाने ।
- मुद्रास्फीतीय अपेक्षाले मौद्रिक नीति कार्यान्वयनको प्रभावकारितालाई देखाउने हुँदा उक्त गणना पद्धतिलाई सुदृढ गर्दै व्यावहारिक बनाउँदै लैजाने ।
- मौद्रिक नीतिको प्रभावको अन्तराल गणना सम्बन्धमा केन्द्रीय बैंकको संस्थागत प्रकाशनको अभाव रहेको सन्दर्भमा Data lag, Recognition lag, Legislative lag, Transmission lag, Effectiveness lag को गणना गर्ने र प्रकाशन गर्ने ।
- मौद्रिक नीति प्रभावकारिता अभिवृद्धिका लागि अर्थतन्त्रको मौद्रिकीकरणलाई बढावा दिने, बैकिङ बानीको विकास गर्ने तथा बैकिङ क्षेत्रप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न संस्थागत संरचना विकास गर्नु आवश्यक हुने भएकोले वित्तीय सचेतना तथा साक्षरता अभिवृद्धि र वित्तीय ग्राहक संरक्षणसम्बन्धी कार्य गर्ने निकायको स्थापना गर्न आवश्यक छ ।

अन्त्यमा, मौद्रिक नीति प्रभावकारिता सुदृढीकरण एक निरन्तरको प्रक्रिया भएका कारण आगामी दिनमा तत्कालीन, अल्पकालीन र मध्यकालीन योजना बनाई कदम चाल्नुपर्ने आवश्यकता देखिन्छ ।

# शोधनान्तर तथ्याङ्कसम्बन्धी अन्तरक्रिया




आर्थिक अनुसन्धान विभाग, शोधनान्तर तथा अन्तर्राष्ट्रिय वित्त महाशाखाले कात्तिक १५ गते काठमाडौंमा शोधनान्तर तथ्याङ्क सङ्कलन तथा प्रशोधनसँग सम्बन्धित विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको उपस्थितिमा आयोजित कार्यक्रममा २७ वाणिज्य बैंक र आठ वटा विकास बैंकका शोधनान्तर तथ्याङ्क तयार गर्ने अधिकारी र विभागका निर्देशक, उप-निर्देशक, सहायक निर्देशक र अन्य कर्मचारीहरूसहित ५० जनाको उपस्थिति थियो ।

सो अवसरमा कार्यकारी निर्देशक श्रेष्ठले शोधनान्तर तथ्याङ्कको महत्वबारे उल्लेख गर्दै यथार्थ तथ्याङ्क सङ्कलनमा पर्याप्त ध्यान पुऱ्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो। सही तथ्याङ्कको विश्लेषणबाट मात्र उपयुक्त नीतिहरू बन्न सक्ने धारणा राख्दै उहाँले तथ्याङ्क सङ्कलनमा संलग्न बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूसँग हुने छलफलबाट शोधनान्तर तथ्याङ्क अझ परिष्कृत हुने धारणा राख्नुभयो ।

कार्यक्रममा विभागका निर्देशक डा. डिल्लीराम पोखेलले शोधनान्तर तथ्याङ्कको परिभाषा, महत्व, उपयोगिता एवम् तथ्याङ्क सङ्कलनमा देखिएको चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्दै राष्ट्र बैंकले बाह्य क्षेत्रका विभिन्न विषयमा तथ्याङ्क सङ्कलन गरी सोको प्रतिवेदन नियमित रूपमा प्रकाशन गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रमको दोस्रो सत्रमा विभागका सहायक निर्देशकद्वय स्वेच्छा शाक्य र रामप्रसाद न्यौपानेले शोधनान्तर तथ्याङ्क सङ्कलनका विविध पक्ष समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो भने सहायक देवी भण्डारीले शोधनान्तर तथ्याङ्क सङ्कलन कार्यमा आएका समस्याबारे जानकारी दिनुभयो । कार्यपत्रमा शोधनान्तर तथ्याङ्क सङ्कलन निर्देशिका २०६१, विद्यमान International Transaction Reporting System (ITRS), अन्तर्राष्ट्रिय मुद्रा कोषको शोधनान्तर निर्देशिका र तथ्याङ्क सङ्कलनका चुनौतीलगायतका विषयवस्तु समेटिएको थियो ।

सो अवसरमा शोधनान्तर तथ्याङ्क सङ्कलनमा देखिएका समस्या र आगामी दिनमा शोधनान्तर तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनको कार्यलाई अझ प्रभावकारी बनाउने विषयमा सहभागीहरूबीच छलफल भएको थियो । छलफलका क्रममा विभागका निर्देशक डा. डिल्लीराम पोखेल, उप-निर्देशकद्वय नवीना ढकाल, बाबुराम कोइराला र सहायक निर्देशकद्वय स्वेच्छा शाक्य र रामप्रसाद न्यौपानेले सहभागीको जिज्ञासाको दिनुभएको थियो ।

विभागका उप-निर्देशक नवीना ढकालले कार्यक्रमको आवश्यकता, उद्देश्य र महत्वमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक अनिल लामाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# घरजग्गा मूल्य सूचकाङ्कः एक परिचय

अमर खत्री
सहायक, नेपाल राष्ट्र बैंक



एउटा देशको सफलता त्यहाँ बन्ने नीति तथा कानुन र तिनको सफल कार्यान्वयनमा भर पर्दछ । नीति निर्माणका लागि विश्वसनीय तथा तथ्यपरक तथ्याङ्क अत्यावश्यक पूर्वसर्त नै हो । यसै तथ्यलाई मनन गर्दै नेपाल राष्ट्र बैंकले तथ्याङ्क सङ्कलनको साथै प्रकाशन तथा त्यसको सफल सदुपयोगमार्फत नीति निर्माण तथा कार्यान्वयन गर्दै आएको छ । यही सिलसिलालाई नियमितता दिँदै बैंकले चार ओटा मूल्य सूचकाङ्कको अनुसन्धानपश्चात् निरन्तर प्रकाशन गर्दै आएको छ । ती चार सूचकाङ्कहरूमा उपभोक्ता मूल्य सूचकाङ्क, थोक मूल्य सूचकाङ्क, तलब तथा ज्यालादर सूचकाङ्क र आयात निर्यात मूल्य सूचकाङ्क रहेका छन् । यही सिलसिलालाई नियमितता तथा थप परिस्कृत गर्न यही मङ्सिर ३ गते घरजग्गा मूल्य सूचकाङ्क तयार पारी सार्वजनिक गरेको छ । बैंकले आगामी दिनमा सो सूचकाङ्क त्रैमासिक रूपमा प्रकाशन गर्ने जानकारीसमेत गराएको छ ।

## नीतिगत तथा कानुनी व्यवस्था

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४ मा 'आर्थिक स्थायित्व र अर्थतन्त्रको दीगो विकासको निम्ति मूल्य र शोधनान्तर स्थिरता कायम गर्ने' बैंकको उद्देश्य रहेको उल्लेख छ । त्यस्तै मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्नु र सो नीति कार्यान्वयन गर्ने, गराउने बैंकको एउटा प्रमुख कार्य रहेको सोही ऐनको दफा ५ मा बैंकको काम, कर्तव्य र अधिकारअन्तर्गत लिपीबद्ध गरिएको छ ।

नेपाल राष्ट्र बैंकको तेस्रो रणनीतिक योजना (२०१७-२१) मा घरजग्गा मूल्य सर्वेक्षण गर्ने कार्य समावेश छ । यसै गरी, वित्तीय क्षेत्र विकास रणनीति (२०७३/७४-२०७७/७८) ले पनि घरजग्गा मूल्य सूचकाङ्क तयार गर्ने जिम्मेवारी यस बैंकलाई दिएको छ ।

यसरी कानुनी र नीतिगत व्यवस्थालाई नियाल्दा नेपाल राष्ट्र बैंकले घरजग्गा मूल्य सूचकाङ्क निकाल्नु अपरिहार्य रहेको देखिन्छ । उपर्युक्त कानुनी तथा नीतिगत व्यवस्था अनुसारको कार्य सम्पन्न गरी आफ्नो साख उँचो पार्न बैंकले सराहनीय कार्य गरेको छ ।

## घरजग्गा मूल्य सूचकाङ्कको नतिजा

घरजग्गा मूल्य सूचकाङ्कको लागि देशभर रहेका मालपोत कार्यालय र वाणिज्य बैंकलाई प्रमुख आधार बनाइएको छ । जसअन्तर्गत २० वटा मालपोत कार्यालयको स्थलगत तथा अनलाइन सर्वेक्षणको साथै छ वटा वाणिज्य बैंकहरू (नेपाल बैंक लिमिटेड, एनआईसी एसिया बैंक लिमिटेड, ग्लोबल आइएमई बैंक लिमिटेड, एभरेष्ट बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र प्रभु बैंक लिमिटेड) का कारोबारबाट प्राप्त तथ्याङ्कहरू सामेल छन् । यस क्रममा जम्मा १,००,८७६ (१८,९२० घरजग्गा र ८१,९५६ जग्गा) को Sampling Frame तयार गरी त्यस मध्येबाट १० प्रतिशत अर्थात् १०,३३६ (२,० ९६ घरजग्गा र ८,२४० जग्गा) घरजग्गा तथा जग्गालाई मात्र Systematic Random Sampling को विधिबाट नमूना सर्वेक्षणमा संलग्न गरिएको छ । सूचाङ्क निर्माणको लागि Laspeyre's Index Method प्रयोग गरिएको छ । यो विधिमा भार निर्धारणलाई महत्वपूर्ण विषय मानिन्छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूको रायसमेतलाई समेटेर आर्थिक वर्ष २०७५/७६ को घरजग्गा रजिष्ट्रेशनको कुल कारोबार संख्याको आधारमा घरजग्गाको लागि २३.३३ र जग्गाको लागि ७६.६७ राष्ट्रिय भार निर्धारण गरिएको छ । यही भार र कारोबार रकमको आधारमा सूचकाङ्क निर्माण गरिएको छ ।

यसरी निर्धारण गरिएको भारको आधारमा मालपोत कार्यालय र वाणिज्य बैंकबाट प्राप्त तथ्याङ्कको आधारमा छुट्टाछुट्टै सूचकाङ्क निकालिएको छ । जसलाई देहायको तालिकामा देखाइएको छ ।

**तालिका-१: मालपोत कारोबारमा आधारित घरजग्गा सूचकाङ्कको परिवर्तन (प्रतिशतमा)**

| प्रकार | राष्ट्रिय भार | २०७६/७७ | २०७७/७८ (पहिलो नौ महिना) |
|---|---|---|---|
| घरजग्गा | २३.३३ | ४४.९० | ४.७४ |
| जग्गा | ७६.६७ | १५.६२ | १२.०० |
| कुल | १००.० | १९.७३ | १२.५७ |

मालपोतको आधारमा प्राप्त तथ्याङ्कको आधारमा निकालिएको घरजग्गा सूचकाङ्क हेर्दा आ.व. २०७६/७७ मा घरजग्गा र जग्गाको समग्र सूचकाङ्क १९.७३ हुँदा घरजग्गाको सूचकाङ्क ४४.९० जग्गाको सूचकाङ्क १५.६२ ले वृद्धि भएको छ । आ.व.२०७६/७७ को तुलनामा आ.व.२०७७/७८ को पहिलो नौ महिनामा घरजग्गाको सूचकाङ्क ४.७४ र जग्गाको सूचकाङ्क १२.०० प्रतिशतले वृद्धि भई समग्र सूचकाङ्क १२.५७ प्रतिशतले बढेको छ ।

**तालिका-२: बैंक मूल्याङ्कनमा आधारित घरजग्गा सूचकाङ्कको परिवर्तन (प्रतिशतमा)**

| प्रकार | राष्ट्रिय भार | २०७६/७७ | २०७७/७८ (पहिलो नौ महिना) |
|---|---|---|---|
| घरजग्गा | २३.३३ | २२.१४ | १६.१९ |
| जग्गा | ७६.६७ | २७.६८ | १४.५८ |
| कुल | १००.० | २६.४५ | १६.३१ |


यसै गरी, बैंक मूल्याङ्कनमा आधारित घरजग्गा मूल्य सूचकाङ्कलाई हेर्दा आ.व.२०७६/७७ मा २६.४५ प्रतिशतको वृद्धि देखिएको सो सुचकाङ्क आ.व.२०७७/७८ को पहिलो नौ महिनामा १६.३१ प्रतिशतले बढेको देखिन्छ । त्यसकारण मालपोत कार्यालय र बैंकको मूल्याङ्कनको आधार दुवैलाई हेर्दा

घरजग्गाको मूल्यमा वृद्धि भइरहेको प्रष्ट हुन्छ। तर सो वृद्धिको प्रवृत्ति हेर्दा घरजग्गाको वृद्धिदर आ.व. २०७६/७७ मा मालपोतबाट प्राप्त तथ्याङ्क तथा जग्गाको वृद्धिदर बैंकबाट प्राप्त तथ्याङ्कको आधारमा बढेको देखिन्छ। यसको विपरीत आ.व. २०७७/७८ मा घरजग्गाको सूचकाङ्क बैंकिङ मूल्याङ्कनमा बढी छ भने जग्गा मात्रको मूल्याङ्कन मालपोतमा आधारित मूल्याङ्कनमा बढी रहेको छ । यसको अर्थ आ.व. २०७७/७८ मा जग्गाको मूल्य बढेको तथ्य प्रष्ट हुन्छ। अर्कोतिर सोही आर्थिक वर्षमा बैंकमा घरजग्गा सुरक्षण राखी भएको कारोबारको मूल्याङ्कन मूल्य बढी रहेको पनि सङ्केत गर्दछ।

### घरजग्गा मूल्य सूचकाङ्कको महत्व

नेपालको सन्दर्भमा घरजग्गा मूल्य सूचकाङ्कको महत्वको महत्वलाई निम्नानुसार दर्शाउन सकिन्छ।

- नेपालको वित्तीय प्रणालीमा प्रवाह हुने तरलताको करिब दुईतिहाइ घरजग्गाको सुरक्षणमा प्रवाह भइरहेको वर्तमान परि स्थितिमा यथार्थ मूल्याङ्कन तथा तरलता प्रवाहको आधार निर्माण गर्न।
- घरजग्गा जस्तो महत्वपूर्ण सम्पत्तिको मूल्यमा आउने परिवर्तनले मौद्रिक नीतिको प्रभावकारिता तथा बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने कर्जामा पर्न जाने प्रभावको आँकलन गरी आवश्यक पूर्वसावधानी अपनाउन।
- सन् २००८ मा घरजग्गाको मूल्यमा आएको अस्वाभाविक मूल्य वृद्धिका कारण अमेरिकामा उत्पन्न भएको तथा विश्व अर्थतन्त्रलाई नै प्रभावित पारे जस्तो नेपालको अर्थतन्त्रमा समेत देखापर्न सक्ने Real State Bubble जस्तो घातक अवस्था सिर्जना हुनबाट बचाउन।
- घरजग्गा मूल्यमा आएको परिवर्तनका कारण बचत, ऋण, बैंक तथा वित्तीय संस्थाको नाफा आदिमा देखापर्ने प्रतिकुलताले समग्र वित्तीय प्रणालीमा पर्न सक्ने चुनौतीबाट बच्न समयमै उपयुक्त उपाय अवलम्बन गर्न।




- अन्तर्राष्ट्रिय मुद्रा कोषले समेत घरजग्गा मूल्य सूचकाङ्कलाई Financial Soundness Indicator मा समावेश गरेको अवस्थामा अन्तर्राष्ट्रिय मान्यतालाई आत्मसात् गरी अघि बढ्न।
- विश्वका विभिन्न मुलुकले समेत यो सुचकाङ्कको अध्ययन तथा अनुसन्धान गरी प्राप्त नतिजाको आधारमा विभिन्न नीतिहरू बनाई सफल कार्यान्वयन गरिरहेको वर्तमान अवस्थामा नेपालले पनि सोही कार्यलाई मूर्त रूप दिन।
- पहिलो पटक निष्काशन भएको यस सूचकाङ्कले ऐतिहासिक महत्व राख्दछ।

### घरजग्गा मूल्य सूचकाङ्कका सीमाहरू

नेपाल राष्ट्र बैंकले पहिलो पटक प्रयोगमा ल्याएको यस प्रकारको घरजग्गा मूल्य सूचकाङ्कलाई आफैंमा एक राम्रो कदमको रूपमा लिन सकिन्छ। तापनि नमूना छनोट विधिबाट गरिएको अनुसन्धानका आफ्नै सीमाहरू रहेका हुन्छन्, जसलाई निम्नानुसार देखाउन सकिन्छ :

- यो सूचकाङ्कले सहरी क्षेत्रका स्रोतहरूबाट सङ्कलन गरिएकोले सम्पूर्ण देशभित्र कारोबार हुने घरजग्गाको मूल्यलाई प्रतिनिधित्व गर्न नसक्नु।
- घरजग्गाको मूल्य, त्यसको अवस्थिति, बाटोको दुरी, मोहडा, जग्गा तथा घरले चर्चेको क्षेत्रफल, अन्य भौतिक पूर्वाधारको अवस्थाको साथै आउँदो परियोजना आदिले प्रत्यक्ष असर गर्ने हुनाले यी सम्पूर्ण निर्धारक तत्वहरूलाई समावेश गर्न नसक्नु।
- मालपोत कार्यालयमा पेस गर्ने घरजग्गाको मूल्य, जसलाई प्रचलित भाषामा 'थैली' भन्ने गरिन्छ र बैंकबाट घरजग्गाको धितोमा लिने ऋणको लागि कायम भएको मुल्याङ्कन रकमले घरजग्गाको यथार्थ मूल्यलाई जनाउन सक्दैन किनकि वास्तविक कारोबार रकम सोभन्दा धेरै नै बढी हुने गर्दछ।
- घरजग्गाको मूल्यमा आउने तीव्र मूल्यवृद्धिलाई यो सूचकाङ्कले समेट्न नसक्नु।

### अन्त्यमा

विश्वका ५५ देशले कुनै न कुनै रूपमा घरजग्गा मूल्य सूचकाङ्क निर्माण गरी यसको सदुपयोग मार्फत समष्टिगत अर्थतन्त्रलाइ विवेकशील बनाइराख्न महत्वपूर्ण भूमिका खेलेको देखिएको छ। यसै क्रममा नेपालमा पनि घरजग्गा तथा जग्गा सूचकाङ्क निर्माणको थालनी तथा यसको नियमितता हुने समाचारलाई सराहनीय कदम मान्न सकिन्छ। घरजग्गा तथा जग्गा जनताको महत्वपूर्ण सम्पत्ति हो । यसैको सुरक्षणमा बैंक तथा वित्तीय संस्थाले करिब दुईतिहाइ कर्जा प्रवाह गर्ने गरेका छन्। यसको मूल्यमा आउने उतारचढावले एकातिर मुद्राको मागमा परिवर्तन ल्याउँछ भने अर्कोतिर समग्र वित्तीय प्रणालीलाई नै प्रभावित पार्न सक्छ । यसका साथै नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा व्यवस्था भएबमोजिम बैंकले मूल्य स्थिरता कायम गरी आर्थिक स्थायित्व कायम गर्ने उद्देश्य हासिल गर्न यो सूचकाङ्कले टेवा पुऱ्याउने अपेक्षा राख्न सकिन्छ।

*(यो लेख नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित 'घरजग्गा मूल्य सर्वेक्षण प्रतिवेदन, २०७८ मा आधारित छ।)*

# वित्तीय जानकारी इकाईद्वारा विभिन्न कार्यक्रम आयोजना




वित्तीय जानकारी इकाईले मङ्सिर २० गते बैंकर्स प्रशिक्षण केन्द्रको सभाहलमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

इकाईका निर्देशक दीर्घबहादुर रावलको उपस्थितिमा आयोजित कार्यक्रममा इकाईका सम्पूर्ण कर्मचारीहरूको सहभागिता थियो । सो अवसरमा इकाईका उप-निर्देशक अस्मिता गोर्खालीले 'Knowledge Sharing on APG Assessor Training' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा उप-निर्देशक गोर्खाली र अर्का उप-निर्देशक मेदनीप्रसाद पोखेलले नेपालका पारस्परिक मूल्याङ्कन प्रक्रियामा प्रत्यक्ष सारोकार राख्ने विविध विषयमा प्रकाश पार्नुभयो ।

यसै गरी, इकाईले मङ्सिर २३ गते काठमाडौंमा विकास बैंकका कार्यान्वयन अधिकारी र गो-एएमएल कार्यान्वयनसँग सम्बन्धित अधिकृतहरूको सहभागितामा 'Compliance Officers' Meet' कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा १७ वटा विकास बैंकका ३२ जनासहित, वित्तीय जानकारी इकाईका विश्लेषक र कर्मचारीहरूको सहभागिता थियो । सो अवसरमा इकाईका निर्देशक दीर्घबहादुर रावलले कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो ।

कार्यक्रममा इकाईका उप-निर्देशक अस्मिता गोर्खालीले स्वागत मन्तव्य राख्दै शङ्कास्पद कारोबार/क्रियाकलाप प्रतिवेदनसम्बन्धी इकाईले जारी गरेको निर्देशिकाका सन्दर्भमा वार्ता प्रस्तुत गर्नुभयो । यसै गरी, इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले गो-एएमएल र उप-निर्देशक मेदनीप्रसाद पोखेलले राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन तथा पारस्परिक मूल्याङ्कन विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा वित्तीय जानकारी इकाईका निर्देशक र उप-निर्देशकहरूले सहभागीबाट उठेका जिज्ञासाको जवाफा दिनुभएको थियो । सो अवसरमा महालक्ष्मी विकास बैंकका अनुपालना अधिकृत सन्तोषकुमार गौतमले कार्यक्रमको प्रभावकारिता सम्बन्धमा सहभागीको तर्फबाट धारणा राख्नुभएको थियो ।




यसै गरी, वित्तीय जानकारी इकाई र एसिया प्यासिफिक ग्रुप (एपीजी) को सहकार्यमा मङ्सिर २८ गते निजी क्षेत्रको लागि पारस्परिक मूल्याङ्कनको पूर्वतयारी तालिम सम्पन्न भयो ।

उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्था, धितोपत्र, ब्रोकर कम्पनी, बीमा कम्पनी, निजी क्षेत्रको सम्बन्धित नियामक निकायका २०० भन्दा बढी प्रतिनिधिको सहभागिता थियो ।

उक्त कार्यक्रममा इकाईका प्रमुख/निर्देशक दीर्घबहादुर रावलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुभयो । सो अवसरमा एपीजीको तर्फबाट डेभिड स्यानोनले पारस्परिक मूल्याङ्कन तयारीका सम्बन्धमा प्रस्तुति दिनुभयो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाको तर्फबाट बिनिता जैन, धितोपत्र व्यवसायीको प्रतिनिधित्व गर्दै प्रकाशणि ढकाल र बीमा व्यवसायीको तर्फबाट नवीनकुमार साहले आ-आफ्नो धारणा राख्नुभयो ।

# जनकपुरमा वित्तीय ग्राहक संरक्षणसम्बन्धी अन्तरक्रिया



जनकपुर कार्यालयले मङ्सिर २० गते वित्तीय ग्राहक संरक्षण र गुनासो सुनुवाईसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक दुर्गेशगोपाल श्रेष्ठको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश नं. २ स्थित धनुषा र महोत्तरी जिल्लाका बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुखहरूसँगै र अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा जनकपुर कार्यालयका उप-निर्देशक अशोककुमार राईले वित्तीय ग्राहक संरक्षण तथा गुनासो सुनुवाई सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको निम्ति जारी 'एकीकृत निर्देशन, २०७८' मा उल्लेखित व्यवस्थाका बारेमा चर्चा गर्नुभयो । त्यस क्रममा उहाँले बैंकिङ सेवा शुल्क सम्बन्धमा पारदर्शिता कायम गर्नुपर्ने, ग्राहकमैत्री व्यवहार गर्नुपर्नेलगायतका विषयमा धारणा राख्नुभयो ।

कार्यक्रम कार्यालयका निर्देशक श्रेष्ठले वित्तीय ग्राहक संरक्षण र गुनासो सुनुवाईसम्बन्धी विषयले पछिल्लो समयमा प्राथमिकता पाएको र बैंक तथा वित्तीय संस्थाको सेवा ग्राहकमुखी हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । जनकपुर कार्यालयका सहायक निर्देशक श्यामसुन्दर प्रसाद केशरीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको आवश्यकता र औचित्यबारे प्रकाश पार्नुभयो भने प्रधान सहायक गोपालबहादुर बुढाथोकीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# बैंकर्स प्रशिक्षण केन्द्रद्वारा विभिन्न तालिम कार्यक्रम आयोजना



बैंकर्स प्रशिक्षण केन्द्रले मङ्सिर महिनामा विभिन्न पाँचवटा तालिम सम्पन्न गरेको छ । केन्द्रले कात्तिक २८ देखि मङ्सिर १ गतेसम्म सिद्धार्थनगरमा 'Currency Management' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३२ जना कर्मचारीको सहभागिता थियो ।

केन्द्रले मङ्सिर ५ देखि १० गतेसम्म काठमाडौंमा 'Macroeconomic Modeling and Forecasting' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । उक्त तालिममा विभिन्न विभाग/कार्यालयका अधिकृतस्तरका २९ जना कर्मचारीको सहभागिता थियो । तालिममा ११ जना प्रशिक्षकमार्फत १७ वटा सेसनहरू सञ्चालन गरिएको थियो ।

यसै गरी, केन्द्रले मङ्सिर १२ देखि १६ गतेसम्म 'Risk Based Internal

Audit-Workshop' विषयक कार्यशाला सञ्चालन गऱ्यो । उक्त कार्यशालामा अधिकृतस्तरका ३० जना कर्मचारीको सहभागिता थियो । कार्यशालामा आन्तरिक र बाह्य गरी नौ जना प्रशिक्षकमार्फत प्रशिक्षण दिइएको थियो । जसमा १४ वटा सेसन समेटिएको थियो ।

केन्द्रले मङ्सिर १९ देखि २१ सम्म 'SIS Technical Training' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । नौ वटा सेसनमा सञ्चालित तालिममा अधिकृतस्तरका ३० जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी, केन्द्रले मङ्सिर २४ देखि २५ गतेसम्म काभ्रेको धुलिखेलमा 'Behavioral Science for Middle Level Officer' विषयक कार्यक्रम सञ्चालन गऱ्यो । उक्त तालिममा बैंकका विभिन्न विभाग/कार्यालयका अधिकृतस्तरका ७३ जना अधिकृतस्तरका कर्मचारीको सहभागिता थियो। उक्त कार्यक्रममा तीन जना प्रशिक्षकद्वारा आठ वटा सेसनहरू सञ्चालन गरिएको थियो ।

केन्द्रका तत्कालीन निर्देशक आनन्द पौड्याल र हालका का.मु. निर्देशक अशोक घिमिरेले तालिम कार्यक्रममा स्वागत तथा समापन मन्तव्य राख्नुभयो भने उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## सरुवा

मङ्सिर १० को निर्णयानुसार विभिन्न विभाग/कार्यालयका २४ जना निर्देशक (अधिकृत प्रथम) हरूको सरुवा भएको छ ।

जसअनुसार विदेशी विनिमय व्यवस्थापन विभागका गुरूप्रसाद पौडेलको अतिरिक्त (कामकाजः भुक्तानी प्रणाली विभाग), विराटनगर कार्यालयका सत्येन्द्र तिमिल्सिना बैंक सुपरिवेक्षण विभाग, आर्थिक अनुसन्धान विभागका डा. रामशरण खरेल पोखरा कार्यालय, वित्त कम्पनी सुपरिवेक्षण विभागका दीपकराज लामिछाने जनशक्ति व्यवस्थापन विभाग, बैंक सुपरिवेक्षण विभागका हिमप्रसाद न्यौपाने संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, बैंकर्स प्रशिक्षण केन्द्रका आनन्द पौड्याल बैंकिङ विभाग, नेपालगञ्ज कार्यालयका गोविन्दप्रसाद नागिला विदेशी विनिमय व्यवस्थापन विभाग र बैंक तथा वित्तीय संस्था नियमन विभागका मीना पाण्डे विराटनगर कार्यालयमा सरुवा हुनुभएको छ ।

यसै गरी, धनगढी कार्यालयका शुभाषचन्द्र घिमिरे बैंक सुपरिवेक्षण विभाग, बैंकिङ विभागका सृजना बास्तोला लघुवित्त संस्था सुपरिवेक्षण विभाग, सिद्धार्थनगर कार्यालयका सुदीप फुयाल वित्त व्यवस्थापन विभाग, बैंकिङ विभागका निभा श्रेष्ठ नेपालगञ्ज कार्यालय, बैंक सुपरिवेक्षण विभागका डिलाराम सुवेदी आन्तरिक लेखापरीक्षण विभाग, पोखरा कार्यालयका ईश्वरीप्रसाद भट्टराई बैंक तथा वित्तीय संस्था नियमन विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभागका राजनदेव भट्टराई वीरगञ्ज कार्यालय र संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका लक्ष्मीप्रसाद प्रसाई आर्थिक अनुसन्धान विभागमा सरुवा हुनुभएको छ ।

साथै, जनशक्ति व्यवस्थापन विभागका रमेश आचार्य वित्त कम्पनी सुपरिवेक्षण विभाग, वीरगञ्ज कार्यालयका डा. राजनकृष्ण पन्त आर्थिक अनुसन्धान विभाग, जनकपुर कार्यालयका दुर्गेशगोपाल श्रेष्ठ बैंकिङ विभाग, वित्त व्यवस्थापन विभागका रञ्जना पौडेल सिद्धार्थनगर कार्यालय र मुद्रा व्यवस्थापन विभागका निरा ताल्चाभडेल जनकपुर कार्यालयमा सरुवा हुनुभएको छ । यसै गरी, का.मु.निर्देशकहरू आर्थिक अनुसन्धान विभागका आर्या जोशी मुद्रा व्यवस्थापन विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभागका विनोदराज लेखक धनगढी कार्यालय र आन्तरिक लेखापरीक्षण विभागका अशोक घिमिरे बैंकर्स प्रशिक्षण केन्द्रमा सरुवा हुनुभएको छ ।

## बैंकको प्रवक्तामा डा. भट्ट



बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट २०७८ पुस १ देखि लागू हुनेगरी नेपाल राष्ट्र बैंकको प्रवक्ता तोकिनुभएको छ । अर्थशास्त्रमा विद्यावारिधि उपाधि हासिल गर्नुभएका डा. भट्टले यसअघि पनि बैंकको प्रवक्ताको जिम्मेवारी सम्हालिसक्नुभएको छ । उहाँको सम्पर्क ठेगाना देहायबमोजिम रहेको छ ।

कार्यालयः ०१-४२२२३२०
०१-४४१९८०५ र ७ (Ext: ४९१)
मोबाइल : ९८५११६४२००
इमेलः gunakarb@nrb.org.np

## अवकाश

मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक (कम्प्युटर) राजेन्द्रकुमार बज्राचार्यले मङ्सिर २ देखि बैंक सेवाबाट अनिवार्य अवकाश पाउनुभएको छ । जनशक्ति व्यवस्थापन विभागका अनुसार ५८ वर्ष उमेर हदका कारण उहाँले अवकाश पाउनुभएको हो ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
सृजना क्षेत्री
लालकुमार सुवेदी
नवीना ताम्राकार